टोखा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ०५ संख्या : ०६ मिति : माघ २०, २०७८

# टोखा नगरपालिकाको संस्था संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७८

टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं

बागमती प्रदेश, नेपाल

२०७८

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्ड : ०५ संख्या : ०६ मिति : माघ २०, २०७८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी टोखा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**भाग-२**

# टोखा नगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५

**प्रस्तावना**

सहकारी संस्था सम्बन्धी प्रचलित कानुन, सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरूको अनुशरण गर्दै समुदाय स्तरमा श्रोतसाधन, पूंजी र प्रविधिको प्रयोगवाट उत्पादन तथा आपूर्ति श्रृखलामा सुधार, स्वरोजगारी सृजना र आयआर्जन बृद्धिवाट आत्मनिर्भर अर्थतन्त्रको निर्माण गरी देशको आर्थिक सामाजिक विकासमा योगदान पुर्‍याउने उद्देश्यले टोखा नगरपालिका सहकारी ऐन, २०७५ बमोजिम सहकारी संस्थाले गर्ने कारोवारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संस्थाहरूको अनुगमन कार्यलाई व्यवस्थित गर्न सहकारी ऐन, २०७५ को दफा १०० बमोजिम नगर कार्यपालिकाको कार्यसमितिको बैठकले यो मापदण्ड बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो मापदण्डको नाम “सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७” रहेको छ ।

२. यो मापदण्ड नगर कार्यसमितिले निर्णय गरेको मिति देखि लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) “ऐन” भन्नाले टोखा नगरपालिका सहकारी ऐन, २०७५ लाई जनाउनेछ ।

ख) “नियमावली” भन्नाले टोखा नगरपालिका सहकारी नियमावली, २०७५ लाई जनाउनेछ ।

ग) “मापदण्ड” भन्नाले सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७ लाई जनाउनेछ ।

घ) “विनियम” भन्नाले सम्वन्धीत सहकारी संस्थाको विनियमलाई जनाउनेछ ।

ङ) “संघ” भन्नाले सहकारी संस्थाहरूको छाता सँगठनहरू जिल्ला सहकारी संघ, प्रदेश सहकारी संघ, विषयगत जिल्ला सहकारी संघहरू, विषयगत प्रदेश सहकारी संघहरू, विषयगत केन्द्रीय सहकारी संघ समेतलाई जनाउनेछ ।

च) “संस्था” भन्नाले प्रारम्भिक सहकारी संस्थालाई जनाउनेछ ।

छ) “साधारणसभा” भन्नाले सहकारी संस्थाको नियमित वार्षिक साधारण सभालाई जनाउनेछ । यो शब्दले विशेष साधारणसभा र प्रारम्भिक साधारण सभा समेतलाई जनाउनेछ ।

ज) “समिति” भन्नाले सहकारी संस्थाको सञ्चालक समितिलाई जनाउनेछ ।

झ) “सदस्य” भन्नाले सहकारी संस्थाको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक व्यक्तिलाई जनाउनेछ ।

ञ) “व्यावसायिक इकाई” भन्नाले सहकारी संस्थाहरू एक आपसमा मिली कुनै सामूहिक उद्देश्यका लागि गठित प्रारम्भिक सहकारी संस्थाहरूको व्यावसायिक इकाईलाई जनाउनेछ ।

ट) “पूँजी कोष” भन्नाले सहकारी संस्थाको प्राथमिक पूँजी र पूरक पूँजीको योग सम्झनु पर्छ र सो शब्दले नगरपालिकाले समय समयमा पूँजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ ।

ठ) "प्राथमिक पूँजी कोष" भन्नाले संस्थाको शेयर पूँजी र जगेडा कोष रकमलाई जनाउनेछ ।

ड) "पुरक पूँजी कोष" भन्नाले संस्थाको अन्यकोष मध्ये सहकारी विकास कोष, घाटा पूर्तिकोष, कर्जा जोखिम कोष, स्थिरीकारण कोष तथा बाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ ।

ढ) "कार्यविधि" भन्नाले सहकारी संस्थाको कार्यविधि वा यस भन्दा पहिले प्रयोगमा ल्याइएको नीतिलाई समेत जनाउनेछ ।

ण) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्थालाई सदस्यता विस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

त) "एकाघर परिवार" भन्नाले छुट्टी भिन्नन भै एक घर परिवारमा बसेका बाबु, आमा, दाजु ,भाई, दिदी, वहिनी, पति, पत्नि, छोरा, वुहारी, धर्मपुत्र, धर्मपुत्रिलाई जनाउनेछ । सो शव्दले सदस्यले पालन पोषण गर्नुपर्ने वा निजमा आश्रित व्यक्ति समेतलाई जनाउनेछ ।

थ) "शेयर पूँजी" भन्नाले सहकारी संस्थाको चुक्ता शेयर पूँजीलाई जनाउनेछ ।

द) "निक्षेप" भन्नाले व्याज दिने गरी वा नगरी सहकारी संस्थाका सदस्यहरूले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ । यस शब्दले सदस्यहरूका नावालक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकम समेतलाई जनाउनेछ ।

ध) "नगरपालिका" भन्नाले स्थानीय टोखा नगरपालिका भन्ने बुझ्नु पर्दछ ।

न) "कार्यालय" भन्नाले नगरपालिकाको कार्यालय भन्ने बुझ्नु पर्दछ ।

प) "नियमनकारी निकाय" भन्नाले सम्वन्धित नगरपालिकाको कार्यालय, प्रदेश सहकारी विभाग र संघीय सहकारी विभाग भन्ने बुझ्नु पर्दछ ।

फ) "लक्षित समुदाय" भन्नाले मानव विकास सूचाङ्कमा पछिरहेका महिला, दलित, मुस्लिम, जनजाति, शारीरिक रुपमा कम सक्षम, भूमिहीन किसान, सुकुम्बासी, मजदुर, दुर्गम क्षेत्रका बासिन्दाहरू र गरीबीको रेखामुनी रहेका अन्य समुदायलाई समेतजनाउनेछ ।

**२. संस्थाले विवरण पेश गर्ने:**

१) संस्थाले आफ्नो कारोवारको मासिक प्रगति विवरण महिना भुक्तान भएको मितिले सात दिनभित्र टोखा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

२) संस्थाले साधारण सभा बस्ने मिति, समय, स्थान र छलफलका बिषयहरु खुलेको जानकारी साधारण सभा हुनु भन्दा पन्ध्र दिन पहिले नगरपालिका कार्यालयलाई दिनुपर्नेछ ।

३) संस्थाको वार्षिक लेखापरीक्षण गर्नुभन्दा पहिले लेखापरीक्षक नियुक्तिको जानकारी नगरपालिका कार्यालयलाई दिनुपर्नेछ ।

४) संस्थाको साधारणसभा सम्पन्नभएको मितिले पन्ध्र दिनभित्र साधारण सभाको उपस्थिति सहितको निर्णय प्रतिलिपिहरू र सक्कल लेखापरीक्षण प्रतिवेदन नगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

५) वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूले प्रत्येक महिना अनुसूची-३ बमोजिमको ढाँचामा मासिक प्रगति विवरण पेश गर्नुपर्नेछ । सहकारी संस्थाहरूले प्रत्येक तीन महिनामा अनुसूची-३ मा उल्लेखित् विवरणहरूको छुट्टाछुट्टै अनुसूची समेत तयार गरी पेश गर्नुपर्नेछ ।

६) वित्तीय कारोवार नगर्ने सहकारी संस्थाहरूले प्रत्येक महिना अनुसूची-३ को अतिरिक्त सामान खरिद तथा बिक्रीको छुट्टाछुट्टै विवरण तयार गरी मासिक प्रगति विवरण पेश गर्नुपर्नेछ ।

७) निर्धारित समयमा विवरण दाखिला नगर्ने संस्थालाई पटकै पिच्छे रु १५००। - सम्म जरिवाना गरीनेछ ।

**३. शेयर पूँजी सम्बन्धी ब्यवस्था :**

१) संस्थाले जारी गर्ने कूल शेयर पूँजीको रकम संस्थाको विनियममा उल्लेख गर्नुपर्नेछ ।

२) संस्था दर्ता गर्न आवेदन गर्दा कूल शेयरपूँजी उल्लेख गर्नुपर्नेछ ।

३) प्रस्तावित सदस्यहरूले खरिद गरेको शेयर पूँजीको नामनामेसी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नुपर्नेछ ।

४) संस्था दर्ताको बेला चुक्ता शेयरपूँजीको रकम कूल शेयर पूँजीको कम्तिमा २० प्रतिशत हुनुपर्नेछ ।

५) समितिको सिफारिशमा साधारणसभाले संस्थाको शेयर पूँजी बृद्धि गर्न सक्नेछ । शेयरपूँजी बृद्धिको निर्णयको जानकारी नगरपालिकाको कार्यालयमा गराउनु पर्नेछ ।

**४. शेयर खरिद र लगानी सम्वन्धी ब्यवस्थाः**

१) एउटा प्रारम्भिक सहकारी संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्न वा सो सँग बचत तथा ऋणको कारोबार गर्नपाउने छैन ।

२) यो मापदण्ड जारी हुनु अघि अन्य निजी व्यवसाय वा कम्पनी वा फर्ममा गरीएको लगानी प्रचलित सहकारी कानूनले तोकेको समय भित्र संस्थामा फिर्ता ल्याउने व्यवस्था मिलाउनु पर्नेछ । यो मापदण्ड जारी भएपछि कुनै निजी व्यवसाय वा व्यापारिक फर्म वा कम्पनीमा शेयर र ऋण लगानी गर्न पाइने छैन । यस मापदण्ड विपरित गरिएको शेयर तथा ऋण लगानी सञ्चालकहरूबाट असुल उपर गराई संस्थाको कोषमा दाखिला गर्न लगाइनेछ ।

३) आफू सदस्य रहेको विषयगत संघ वा सहकारी वैंक बाहेक कुनै पनि संस्थाले समानान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा गर्न पाउने छैन । विषयगत संघ वा सहकारी बैंकमा राखिएको निक्षेप रकमलाई तरलतामा गणना गरिने छ ।

**५. संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको गठन**

१) एकै परिवारबाट एक भन्दा वढी व्यक्ति एउटै संस्थाको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको कुनै पदका लागि निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

२) संस्थाको संचालक समिति तथा लेखा सुपरीवेक्षण समितिको गठन साधारणसभाले गर्ने भए पनि यी दुवै समिति एक आपसमा भिन्न र स्वतन्त्र हुन्छन् ।

३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण र तिर्नु वुझाउनु पर्ने अन्य रकम नबुझाएसम्म र वैंक तथा वित्तिय संस्थाबाट कर्जा लिई कालो सूचीमा परेका ब्यक्ति, सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

४) सञ्चालक समितिले आफ्नो पदावधि समाप्त हुनु अगावै नयाँ संचालक समिति र लेखा सुपरीवेक्षण समितिको लागि निर्वाचन गराउनु पर्नेछ ।

५) कुनै पनि व्यक्ति टोखा नगरपालिका भित्रका एकै प्रकृतिको एक भन्दाबढी सहकारी संस्थाको सदस्य हुन पाउने छैनन् । उजुरीका आधारमा वा त्यस्तो पाइएमा नगरपालिकाले दोहोरो सदस्यता खारेज गर्न निर्देशन गर्नेछ ।

६) संस्थाको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको पदमा उम्मेदवार हुँदा सदस्यले आफ्नो नाम कालोसूचीमा नपरेको, एकाघर परिवारका अन्य व्यक्तिले मनोनयन पत्र दाखिला नगरेको, र आफू सोही प्रकृतिको अन्य संस्थाको शेयर सदस्य तथा अन्य संस्थाको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको पदाधिकारी नरहेको भनी मनोनयन पत्रमा उल्लेख गर्नुपर्नेछ ।

७) संस्थाको विनियममा सञ्चालकको पदमा उम्मेदवार हुन सदस्य सदस्यहरूका वीच विभेद हुने गरी कुनै प्रावधान राख्न पाईने छैन । तर यस व्यवस्थाबाट पछाडी परेका र पारिएका महिला वा अन्य सूचीकृत समुदायका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चित गर्न विनियममा गरिएको विशेष व्यवस्था अन्तर्गतका पदहरूमा सोही लिंग वा समुदायका व्यक्तिहरूले मात्र तोकिएको पदमा उम्मेदवार वन्न र निर्वाचित हुन वाधा पर्ने छैन ।

८) एक व्यक्ति समानस्तरको कुनै एक संस्थाको समितिको मात्र पदाधिकारी भई काम गर्न सक्नेछन् ।

९) कर्मचारीहरूको सहभागितामा कर्मचारीहरू मात्र सदस्य हुन पाउने गरी सञ्चालनमा रहेका संस्था बाहेक अन्य संस्थाको समिति तथा लेखा सुपरीवेक्षण समितिको कुनै पनि पदको निर्वाचनमा वहालवाला निजामती कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीहरू उम्मेदवार हुन पाउने छैनन् । तर यस प्रावधानले सरकारको लगानी वा सम्पत्तिको उपयोगका कारणबाट सञ्चालक समितिमा पदेन सञ्चालकको भूमिका निर्वाह गर्न यस व्यवस्थाले बहालवाला निजामती कर्मचारीलाई कुनै बाधा पुग्ने छैन ।

**६. संचालक समितिको काम कर्तव्यः**

प्रचलित ऐन कानून र विनियममा गरीएको व्यवस्था वाहेक देहायका जिम्मेवारी वहन गर्ने दायित्व समितिको हुनेछ ।

१) संस्थाको सम्पत्ति तथा सदस्यहरुको बचतको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयुक्त रुपमा सञ्चालकहरूको हुनेछ । तर बरबुझारथ नगरेको अवस्थासम्म संस्थाको सम्पत्ति र दायित्व सम्बन्धी जिम्मेवारी अघिल्लो सञ्चालकहरूले समेत वहन गर्नु पर्नेछ ।

२) बचत तथा ऋणको कारोवार गर्ने संस्थाले साधारणसभाको स्वीकृत गरेको वचत तथा ऋण नीति वा कार्यविधिका आधारमा एक निश्चित रकम सम्मको ऋण प्रवाहमा व्यवस्थापनलाई अधिकार प्रत्यायोजन गरेदेखि बाहेक ऋण उपसमितिको सिफारिसमा मात्र सञ्चालक समितिले ऋण लगानी गर्नुपर्नेछ । ऋण प्रवाहमा प्रक्रियागत त्रुटीका कारण जोखिम उत्पन्न भएमा सम्बन्धित निर्णय गर्ने अधिकारी र प्राबिधिक रुपले सिफारिस गर्ने कर्मचारी एवं सामूहिक रुपमा निर्णयमा संलग्न समितिका सबै पदाधिकारीले जिम्मेवारी वहन गर्नुपर्नेछ ।

३) निर्वाचन भएको १५ दिन भित्र निर्धारित ढाँचामा संस्थाका सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको पदाधिकारीहरूको हालसालै खिचिएको फोटो सहित तीन पुस्ते नाम, पद, स्थायी ठेगाना, सम्पर्क फोन र पत्राचारको ठेगाना खुल्ने विवरण, एवं नागरीकताको प्रमाणित प्रतिलिपि नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

४) प्रारम्भिक संस्थाको सञ्चालक समितिको नियमित बैठक कम्तिमा महिनामा एक पटक राख्नुपर्नेछ । समितिको निर्णय पुस्तिका सुरक्षित साथ संस्थाको कार्यालयमा राख्ने व्यवस्था अध्यक्ष र प्रमुख व्यवस्थापकले मिलाउनु पर्नेछ । प्रत्येक बैठकको निर्णयका बारेमा सञ्चालकहरू जिम्मेवार हुनेछन् ।

५) सञ्चालक र प्रमुख ब्यवस्थापकले उपयोग गर्ने सेवा सुविधाको व्यवस्था प्रचलित सहकारी कानून बमोजिम साधारणसभाले पारित गरेको आर्थिक प्रशासन सम्बन्धी नियमावली र स्वीकृत वार्षिक वजेट

तथा कार्यक्रम बमोजिम हुनेछ । सामान्यतया यस्तो सुबिधा प्रचलन वा संस्थाको वित्तिय विश्लेषणका आधारमा अस्वभाविक देखिएमा समायोजनका लागि नगरपालिकाको कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

६) समयमै लेखापरीक्षण गराई साधारणसभा सम्पन्न गर्ने दायित्व सञ्चालक समितिको हुनेछ । पदावधि समाप्त हुनु भन्दा कम्तिमा १५ दिन अगावै निर्वाचनको व्यवस्था मिलाउनु पर्ने कामको दायित्व समितिको हुनेछ ।

**७. लेखा सुपरिबेक्षण समितिको गठन र दायित्व**

१) संस्थाको लेखा सुपरिबेक्षण समिति एक जना संयोजक सहित ३ सदस्यीय हुनेछ । निर्वाचित सदस्यहरु मध्ये कम्तिमा १ जना सदस्य लेखाको ज्ञान भएको व्यक्ति हुनु पर्नेछ ।

२) लेखा सुपरिबेक्षण समितिको गठन गर्दा साधारणसभाले शेयर सदस्यहरू मध्येवाट निर्वाचित गरेका पदाधिकारीवाट हुनेछ ।

३) सामान्यतया संस्थाको अध्यक्षसँग एकाघरको नाता सम्वन्ध रहेको शेयर सदस्य, लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य हुन सक्ने छैन । लेखा सुपरिवेक्षण समितिका पदाधिकारीले अध्यक्षसँगको आफ्नो नाता सम्बन्ध वा व्यापारिक स्वार्थ भए नभएको बारेमा सञ्चालक समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

४) प्रत्येक संस्थाको लेखा सुपरीवेक्षण समितिले देहायका विषयमा आन्तरिक लेखापरीक्षण गरी चौमासिक प्रतिवेदन संचालक समितिमा दिनुपर्ने र वार्षिक प्रतिवेदन साधारणसभामा पेश गर्नुपर्नेछ ।

क) ब्यवस्थापन परीक्षण (खास गरी कर्मचारी व्यवस्थापन र सम्पत्तिको उचित प्रयोग र संरक्षणका वारेमा) ।

ख) साधारणसभा र विशेष साधारणसभाको निर्णयको कार्यान्वयनको अवस्था ।

ग) सञ्चालक समितिको वैठक, निर्णय र कार्यान्वयनको नियमितता ।

घ) वित्तीय कारोवार गर्ने संस्थाको हकमा ऋण लगानी प्रक्रिया र सुरक्षणको अवस्था ।

ङ) शेयर सदस्यहरूलाई नियमानुसार दिईएको मुनाफा तथा अन्य थप सुविधाहरू ।

च) नगरपालिकाको कार्यालय, प्रदेश, विभाग वा सम्वन्धीत संघहरूले अनुगमन निरीक्षण गर्दा देखाईएको कैफियत र सुझावहरू कार्यान्वयनको अवस्था ।

छ) संस्थाको पदाधिकारी र प्रमुखकार्यकारीले लिएका पारिश्रमिक, सुविधा र भत्ता सम्वन्धी विवरण ।

ज) कर्मचारी भर्ना तथा छनौट प्रक्रिया ।

झ) लेखा सुपरिबेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरू ।

५) लेखा सुपरिबेक्षण समितिले नियमित रुपमा चौमासिक लेखापरीक्षण गरी प्रतिवेदन तयार गरी समितिमा पेश गर्नु पर्नेछ ।

६) लेखा सुपरिबेक्षण समितिको वार्षिक प्रतिवेदन वार्षिक साधारणसभा वस्नु भन्दा कम्तिमा १५ दिन अगाडि सञ्चालक समितिमा पेश गर्नुपर्नेछ । सञ्चालक समितिले वार्षिक साधारण सभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

७) लेखा सुपरिबेक्षण समितिवाट तयार पारिएको चौमासिक र बार्षिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन अन्तिम लेखापरीक्षण गर्नु अघि लेखापरीक्षकलाई उपलब्ध गराउनु पर्नेछ ।

८) प्रत्येक चौमासिक प्रतिवेदन तयार गरी सञ्चालक समितिका अध्यक्ष वा कार्यकारी प्रमुखमार्फत समितिमा पेश गर्नुपर्नेछ ।

९) आन्तरिक लेखापरीक्षण प्रतिवेदन वारे सञ्चालक समितिलाई स्पष्ट पार्न आवश्यक देखिएमा सञ्चालक समितिको वैठकमा लेखा सुपरिवेक्षण समितिका संयोजक वा निजको अनुपस्थितिमा कुनै अर्को सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

१०) संघ वा प्रदेश वा स्थानीय नगरपालिकाको कार्यालयवाट संस्था अनुगमनको क्रममा लेखा सुपरीवेक्षण समितिले आफ्नो दायित्व वहन गर्न नसकेको वा नगरेको पाईएमा वा सदस्यहरूले निवेदन दिएमा प्रमुख प्रशासाकीय अधिकृत वा निजले तोकेको कर्मचारीले तत्काल अर्को लेखा सुपरिबेक्षण समिति गठनका लागि विशेष साधारणसभा वोलाउन निर्देशन दिन सक्नेछ ।

## ८. साधारण सभाः

१) साधारणसभा सम्पन्न भएको १५ दिन भित्र सम्बन्धित संस्थाले लेखापरीक्षणको प्रतिवेदन, कारोवारको वार्षिक प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयका प्रतिलिपिहरू, सदस्यहरूको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको व्यक्तिगत विवरणसमेत तोकिएको ढाँचामा सम्बन्धित नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

२) साधारणसभाको सूचना प्रशारणमा देहायका प्रक्रियाहरू पुरा गर्नु संस्थाको कर्तव्य हुनेछः

क) साधारणसभा बस्ने सूचना कम्तिमा १५ दिन अगाडि प्रकाशन र प्रशारण गर्नुपर्नेछ ।

ख) विशेष साधारणसभाको सूचना कम्तिमा ७ दिन अगाडि प्रकाशन र प्रशारण गर्नुपर्नेछ ।

ग) सूचनाका लागि सबै सदस्यहरूले जानकारी पाउने माध्यमको उपयोग गर्नुपर्नेछ ।

घ) प्रकाशित वा प्रशारित सूचनाको जानकारी सम्बन्धित नगरपालिको कार्यालयलाई सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

ङ) सूचनामा साधारण सभाको बैठक बस्ने स्थान, मिति, समय, र सभामा प्रस्तुत हुने प्रमुख विषयहरू समाबेश गर्नुपर्नेछ ।

च) नयाँ सञ्चालक समिति र लेखा सुपरिबेक्षण समिति वा रिक्त पदहरूमा निर्वाचन गर्नुपर्ने भए निर्वाचन सम्बन्धी कार्यक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नुपर्नेछ ।

छ) साधारण सभा बस्ने स्थान कार्यक्षेत्र भित्रको संस्थाको आफ्नै कार्यालय परिसर वा सदस्यहरुलाई पायक पर्ने सार्वजनिक वा निजी सभा हलमा व्यवस्थापन गर्नुपर्नेछ ।

ज) सामान्यतया साधारण सभा सञ्चालन भड्किलो र खर्चिलो रुपमा गर्न पाईने छैन । यदि संस्थाले भड्किलो र खर्चिलो साधारण सभा गरेको पाइएमा सम्बन्धित नगरपालिका कार्यालयले सचेत गराउन सक्नेछ ।

झ) साधारण सभामा गरीने खर्चको मापदण्ड तयार गरी वार्षिक कार्यक्रम तथा वजेटमा समावेश गर्ने साथै खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी तथा खर्चको सीमा समितिबाट पूर्व निर्णय गरी कार्यान्वयन गर्नुपर्नेछ ।

३) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा नगरपालिका कार्यालयले प्रतिनिधि खटाउन सक्नेछ ।

## ९. बचत संकलन तथा ऋण प्रवाहको सीमाः

१) संस्थाले बचत निक्षेप संकलन गर्ने र ऋण प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरूका वीचमा मात्र सीमित गर्नुपर्नेछ ।

२) संकलित बचत निक्षेप रकम सदस्यहरूलाई ऋण प्रवाह गर्ने काम बाहेकको अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

३) संस्थाले आफ्नो सदस्यसँग बचत निक्षेप संकलन गर्दा प्राथमिक पूँजी कोषको वढीमा पन्ध्र गुणासम्म मात्र संकलन गर्न सक्नेछ ।

**१०. व्याज दर सम्बन्धी व्यवस्था:**

१) संस्थाले वचत निक्षेपमा प्रदान गर्ने व्याजदर र ऋण लगानीमा लिने व्याजदरको निर्धारण सन्दर्भ ब्याजदरको आधारमा गर्नुपर्नेछ । सहकारी संस्थाहरूले गरेको व्याजदर निर्धारण सन्दर्भ ब्याजदर प्रतिकुल भएको पाइएमा सहकारी ऐन, नियमानुसार कारबाही हुने छ ।

२) संस्थाले ऋण/कर्जा र बचत निक्षेपको ब्याजदर निर्धारण गर्दा विभेदकारी व्यवहार गर्न पाईने छैन । लिनेदिने व्याजदरमा सदस्यहरुवीच विभेद गरेको पाइएमा त्यस्तो विभेदबाट सदस्य वा संस्थालाई हानी पुर्याइएको रकम सञ्चालकहरूबाट असूलउपर गरिनेछ ।

३) विभिन्न किसिम/प्रकृतिको निक्षेपमा दिइने व्याजदर र विभिन्न प्रकृतिको ऋण/कर्जामा लिइने व्याजदरको अन्तर तीन (३) प्रतिशतभित्र सिमित राख्नु पर्नेछ ।

४) बचता निक्षेप र ऋण/कर्जाको ब्याजदर अनिवार्यरुपले संस्थाको साधारणसभाबाट निर्णय गराई लागू गर्नु पर्नेछ ।

५) ब्याजदर परिवर्तनको सूचना शेयर सदस्यहरूको जानकारीका लागि सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्नेछ ।

६) ऋण/कर्जामा समदर तथा चक्रवृद्धि ब्याज लगाउन पाईने छैन ।

७) विभिन्न किसिमका वचतमा दिइने व्याजदर र ऋणमा लिने ब्याजदर साधारण सभाले स्वीकृत गरेको वचत तथा ऋण नीति वा कार्यविधि अनुसार हुने छ ।

**११. बचत संकलन, ऋण लगानी र ब्याज सम्बन्धी जानकारी पेश गर्नुपर्ने:**

१) सञ्चालक समितिले वचत निक्षेप, ऋण लगानी, व्याज निर्धारण आदि विषयहरूमा आवश्यक शर्त, प्रक्रिया तथा कार्यविधिहरू तयार गरी साधारण सभावाट स्वीकृत गराएर कार्यान्वयन गर्नु पर्नेछ ।

२) संस्थाले नयां व्याजदर निर्धारण गरेकोमा अनिवार्य रुपमा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । संस्थाले परिवर्तन गरेको व्याजदर वारे सदस्यहरुको जानकारीका लागि संस्थाको कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

**१२. लेखा प्रणालीको प्रयोग:**

संस्थाका सदस्यहरू वीच लाभाँश वितरण प्रयोजनको लागि नगद आधारमा व्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधारमा कारोवारको लेखा राख्नुपर्नेछ । नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याज हिसावमा खर्च लेखी व्याज मुल्तवी हिसावमा जम्मा गर्ने व्यवस्था गर्नुपर्नेछ ।

**१३. ऋण लगानीका लागि प्रकृया तथा सीमाहरू :**

१) संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कूल पूँजीकोषको १० प्रतिशतमा नवढाई ऋण प्रदान गर्नसक्नेछ ।

२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्दा ऋण लगानीको उद्देश्य खुलाउन पर्नेछ र संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

३) सामन्यतया कुनै सदस्यले लिएको ऋणको सावां र व्याज भुक्तानी नगरेसम्म निजलाई पुनः ऋण लगानी गर्न पाइने छैन । विशेष परिस्थितिमा कारण खुलाई सञ्चालक समितिको निर्णयले ऋण सम्झौता पुनरावलोकन गरी वा अल्पकालीन रुपमा थोरै रकम लगानी हुने गरी ऋण दिन सकिनेछ ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनका लागि कूल पूँजी कोष भित्र जम्मा शेयर रकम, जगेडा कोष, बाँडफाँड नगरेको लाभाँश, कर्जा जोखिम व्यवस्था, स्थिरीकरण कोष र घाटा पूर्ति कोषको रकमलाई जनाउने छ ।

४) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने गरी जाय जेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्नुपर्नेछ । तर संस्थाले जेथा जमानी नभएका सदस्यहरूलाई कुनै वा केही सदस्यहरूको निक्षेप धितो रहने शर्तमा वा संस्थाको स्वीकृत कार्यविधि बमोजिम बिना धितो लघु ऋणको रुपमा बढीमा एकलाख रुपैंयासम्म लगानी गर्न वाधा पर्ने छैन ।

५) ऋण लगानी गर्दा ऋण माग फारमको उपयोग, धितो मुल्यांकन प्रकृया, ऋण उपसमितिको सिफारिस वा स्विकृति र अनुमोदन जस्ता पूर्वनिर्धारित प्रक्रिया अवलम्वन गरी ऋण प्रदान गर्नुपर्नेछ ।

६) संस्थाले जायजेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको जायजेथा धितो राखेर मात्र ऋण लगानी गर्नुपर्नेछ ।

७) संस्थाबाट प्रवाहित हुने सवै प्रकारका ऋण लगानीमा कुल परियोजना लागतको वढीमा ८० प्रतिशत अंश संस्थाबाट र घटीमा २० प्रतिशत अंश ऋणी सदस्यको स्व-पूँजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

८) सदस्यहरूलाई घरजग्गा खरिद गर्न ऋण दिनु पर्ने भएमा धितो मूल्यको बढीमा ४० प्रतिशतमात्र लगानी गर्न सकिने छ ।

९) संस्थाले कुल ऋण लगानीको २५ प्रतिशतमा नवढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्ने छ ।

१०) नेपाल राष्ट्र बैकबाट सीमित बैकिङ्ग कारोवार गर्ने स्वीकृति लिएका संस्थाहरूको हकमा ऋण नोक्सानी कोष लगायतका व्यवस्थामा नेपाल राष्ट्र बैंकले तोके बमोजिम शर्तपालना गर्न यस मापदण्डले कुनै वाधा पुर्याएको मानिने छैन ।

११) अक्षरुपी दश लाखभन्दा माथिको कुल परियोजना लागत निर्धारण गर्दा संस्थागत मूल्यांकन कर्ताबाट र अन्यमा कुनै एक सञ्चालक, ऋण उपसमिति सदस्य र ब्यवस्थापकको सामुहिक टोलीले मूल्याँकन गर्नुपर्नेछ ।

१२) संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी ऋृण वा कर्जा प्रवाह गर्न पाउने छैन ।

१३) संस्था दर्ता हुँदाका बखत रहेका सदस्य बाहेक अन्यको हकमा सदस्यको रूपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरेपछि मात्र ऋृण/कर्जा प्रवाह गर्न सकिनेछ ।

१४) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाव गर्नुपर्नेछ । व्याज पूँजीकरण गर्न पाइने छैन ।

१५) धितो वापतको सम्पत्ति संस्थाको नाममा दृष्टिवन्धक वा रोक्का गराई राख्नुपर्नेछ । सञ्चालक वा अन्य कुनै व्यक्तिको नाममा राख्न पाइने छैन ।

**१४. समितिका सदसदस्यहरुले ऋण लिंदा पालन गर्नु पर्ने मापदण्डः**

१) संस्थाका सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका ४९ प्रतिशतभन्दा वढी पदाधिकारीहरूलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन । संस्थामा आवश्यकता भन्दाबढी तरलता रहेको अवस्थामा संचालक समितिले विशेष निर्णय गरी छोटो अबधिको ऋण लगानी गर्न भने यो व्यवस्थाले बाधा पर्ने छैन ।

२) संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उप-समितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण वार्षिक रुपमा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

**१५. पेश्की लिन नपाइने**:

१) संस्थाका सञ्चालक, व्यवस्थापक, र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूलाई काम र पेश्की फछ्यौंटको समय सीमा नतोकी पेश्की दिन पाइने छैन ।

२) उपदफा (१) विपरित व्यक्तिगत प्रयोजनका लागि लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम व्याज सहित असूल उपर गर्नु गराउनु पर्नेछ ।

**१६. तरलता सम्बन्धी व्यवस्था:**

१) बचत तथा ऋणसम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल निक्षेप रकमको कम्तिमा १५ प्रतिशत रकम तरलता राख्नु पर्नेछ । नगद मौज्दात, बैंक मौज्दात, सरकारी ऋणपत्रमा गरिएको लगानी र सहकारी बैंक तथा वचत तथा ऋण सहकारी संघमा रहेको निक्षेप रकमलाई तरलताको रुपमा गणना गरीनेछ ।

२) प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नुपर्नेछ ।

**१७. ऋणको वर्गीकरण:** संस्थाले आफ्ना सदस्यहरुलाई ऋण लगानी गर्दा नेपाल राष्ट्र बैंकबाट सिमित बैकिङ्ग कारोवार गर्नेको हकमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार र अन्य संस्थाहरूको हकमा देहाय वमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ:

क. असल ऋण/भाखा ननाघेको ॠणमा एक (१) प्रतिशत

ख. शंकास्पद ऋण १ वर्षसम्म भाखा नाघेकोमा पैंतीस ३५ प्रतिशत

ग. खराव ऋण १ वर्षभन्दा बढी भाखा नाघेकोमा सय (१००) प्रतिशत

**१८. संरक्षित पूँजी फिर्ताकोष:**

१) बचत तथा ॠणको कारोवारको हकमा संरक्षित पूँजी फिर्ताकोषको रकम सदस्यहरूलाई बाँडफाँड गरी भुक्तानी गर्नका लागि संस्थासँग प्रत्येक सदस्यले गरेको कारोवारको लेखाको विवरणको आधारमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सदस्यको बचतलाई चालीस प्रतिशत र ॠण रकमलाई साठी प्रतिशत भार दिएर सम्वन्धित सदस्यको कारोवार निर्धारण गरिने छ ।

२) उपभोक्ता सहकारी संस्था लगायत अन्य उत्पादन मूलक सहकारी संस्थाको हकमा सदस्यले संस्थासँग गरेको खरिद तथा विक्री कारोवार र बचत तथा ॠण लगानीका अतिरिक्त अन्य कारोबार भए सो समेत जोडी औषत अनुपात रकम निकाली गणना गर्नुपर्नेछ ।

**१९. लाभाँश वितरणमा प्रतिवन्ध:** सहकारी संस्थाले संस्थाको अघिल्लो वर्षसम्मको खुदसञ्चित नोक्सान पुरा नभएसम्म सदस्यहरूलाई लाभाँश वाड्न पाईनेछैन । ऐनले तोके भन्दाबढी अर्थात एक बर्षमा कुल शेयरपूंजीको १८ प्रतिशत भन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यहरूलाई लाभाँश बाड्न पाइने छैन ।

**२०. निष्कृय संस्था:**

१) लगातार २ (दुई) वर्षदेखि वार्षिक साधारणसभा नगर्ने सहकारी संस्थाहरूको विवरण सार्वजनिक गर्ने व्यवस्था नगरपालिकाको कार्यालयले मिलाउने छ ।

२) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारणसभा सम्पन्न नगर्ने, सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरू, प्रचलित ऐन, नियम र नियमनकारी निकायले जारी गरेको निर्देशन एवंम् मापदण्ड तथा विनियमको परिपालना नगर्ने संस्थाहरूलाई नेपाल सरकारबाट उपलव्ध गराइने सेवा सुबिधाहरू उपलब्ध गराइने छैन ।

३) दुई वर्षभन्दा बढी अबधिसम्म वार्षिक साधारण सभा नगर्ने संस्थाहरू निष्कृय संस्थाहरूको सूचीमा समावेश गरिनेछ । यस्तो सूचीमा परेका संस्थाहरूको दर्ता खारेज गरिनेछ । संस्थाको दर्ता खारेजी र विघटनको कार्य नगरपालीकाको कार्यालयले प्रत्येक वर्ष अनिवार्य रूपमा गर्नुपर्नेछ ।

**२१. दर्ता खारेजीको जानकारी गराउने**: नगरपालिकाको कार्यालयले सहकारी संस्थाहरूको दर्ताखारेजी र विघटनको जानकारी सम्बन्धित संस्थाहरूलाई दिनेछ ।

**२२. सहकारी संस्थाको कार्यक्षेत्र विस्तारः**

१) संस्थाको कार्यक्षेत्र बिस्तार गर्दा देहायको प्रक्रिया पुरा गर्नुपर्नेछः

क.) कार्यक्षेत्र विस्तारको लागि साविक कार्यक्षेत्र बाहिरका नागरिकहरु बाट सेवा माग सहित संस्थाको सदस्यता माग भएको,

ख.) मौजुदा कार्यक्षेत्र भन्दा बाहिरका निम्नतम १५ प्रतिशत भन्दा बढी ब्यक्तिवाट कार्यक्षेत्र विस्तार गरी कारोवार गर्न माग भए पछि संस्थावाट सम्भाब्यत्ता अध्ययन गर्दा सम्भाब्य देखिएको,

ग.) संस्थाको थप प्रस्ताव भएको कार्यक्षेत्रमा प्रचलित सहकारी कानून बमोजिम सदस्यता एवं व्यावसायिक सेवा बिस्तार गर्ने सञ्चालक समितिको निर्णय भएको,

घ.) कार्यक्षेत्र विस्तारको लागि माग भएको क्षेत्र भौगोलिक रुपमा जोडिएको र व्यावसायिक सेवा प्रवाहको अभाव भएको,

ङ) विनियम संशोधनको प्रक्रिया पुरा भएको ।

**२३. संस्था अनुगमन तथा निरीक्षण सम्वन्धी ब्यवस्थाः**

१) नगरपालिकाले बार्षिक रुपमा कार्ययोजना बनाएर चौमासिक लक्ष्य बमोजिम सहकारी संघ संस्थाको नियमित निरीक्षण तथा अनुगमनको काम गर्नु गराउनु पर्ने छ ।

२) नगरपालिकाले मुख्य कारोवारको रुपमा वित्तीय कारोवार गर्ने संस्थाको अनुगमन गर्दा अनुसूची १ र अन्य संस्थाहरुको अनुगमन गर्दा अनुसूची २ मा उल्लेख भए बमोजिमको ढाँचाको फाराम प्रयोग गर्नुपर्ने छ ।

३) बचत तथा ऋण सहकारी संस्थाको सघन अनुगमनको लागि अनुसूची १ को फाराम प्रयोग गर्नुको साथै पर्ल्स (PEARLS) अनुगमन प्रणाली समेतको प्रगोग गरी वित्तीय आरोग्यताको मापन गर्नु पर्ने छ ।

४) कार्यालयबाट संस्थाको निरीक्षण अनुगमन गर्न आउने कर्मचारीले माग गरेका सम्पूर्ण कागजात तथा विवरणहरू उपलव्ध गराउनु संस्थाका पदाधिकारी एवं सम्बन्धित कर्मचारीको कर्तव्य हुने छ ।

५) संस्थाको आवद्धता भएका सहकारी संघहरूले समेत अनुगमन कार्यमा उपदफा (१) बमोजिमको ढाँचाको फारम उपयोग गर्नुपर्ने छ । आफूले सम्पन्न गरेको अनुगमन प्रतिवेदनको एक प्रति नगरपालिका कार्यालयलाई समेत उपलब्ध गराउनु पर्ने छ ।

६) अनुगमन काममा संलग्न कर्मचारी वा पदाधिकारीले काम सम्पन्न भएको मितिले ७ दिन भित्र नगरपालिका कार्यालयमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने छ ।

७) संस्थामा गम्भीर प्रकृतिका आर्थिक अनियमितता वित्तीय अपचलन भएको पाईएमा अनुगमनकर्ताले २४ घण्टाभित्र लिखित रुपमा प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

८) अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले ७ दिन भित्र सुधारको प्रक्रिया अघि बढाउन सम्बन्धित संस्था वा संघलाई लिखित जानकारी दिनु पर्नेछ ।

९) संस्था अनुगमन गर्दा देखिएका अनियमिता र कैफियत सुधार प्रक्रियाको लागि नगरपालिकाको कार्यालयवाट निर्देशनको रुपमा पत्राचार गर्ने वा जिम्मेवार पदाधिकारीहरूलाई कार्यालयमा उपस्थित गराई सुधारको कार्ययोजना लिने काम गर्नु पर्दछ ।

१०) अनियमिता र कैफियत सुधार प्रकृया थालनी गर्न अटेर गरेमा कानूनी उपचारको लागि सहकारी ऐन र यसै मापदण्ड बमोजिमको कारवाही अगाडि बढाउने काम प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी हुने छ ।

११) प्रमुख प्रशासकीय अधिकृतले संस्था अनुगमनको लागि मातहतका कर्मचारीहरु खटाउन सक्ने छ ।

१२) संस्था अनुगमन गरी प्रतिवेदन तयार गरे वापत नगरपालिकाको कार्यालयवाट कर्मचारीहरुले नियमानुसार दैनिक भ्रमण भत्ता वा अन्य सुविधा प्राप्त गर्न सक्ने छन ।

१३) संस्थाको सघन अनुगमनको लागि प्रमुख प्रशासकीय अधिकृतले कर्मचारीहरुको टोली गठन गरी काममा खटाउन सक्ने छ ।

१४) अनुगमन टोलीले काम शुरु गनु अघि संस्थाका संचालक तथा कर्मचारीहरुसंग प्रारम्भिक बैठक राख्नु पर्नेछ ।

१५) संस्थाका सदस्य वा अन्य कुनै निकायको उजूरीको आधारमा स्थलगत अनुगमन निरीक्षण गर्दा पूर्व जानकारी दिनु हुदैन ।

**२४. कारवाही सम्वन्धी व्यवस्थाः**

अनुगमनको क्रममा देहायका गम्भीर प्रकृतिका त्रुटीहरू वा अनियमित पाइएमा देहायका कारोवारका लागि देहाय बमोजिमको कारवाही हुनेछः

क) अनुगमन निरीक्षण कार्यमा खटिने कर्मचारी तथा पदाधिकारीलाई सहयोग नगरेमा संस्थाको कारोवार रोक्का गरिनेछ ।

ख) शेयर सदस्यहरूलाई नियमानुसार दिनु पर्ने शेयर लाभाँश र कारोवारको आधारमा संरक्षित पूंजी फिर्ताकोष वाहेक अन्य कोषको रकम वितरण गरी अस्वस्थ्य प्रतिस्पर्धा गरेको पाईएमा सञ्चालक समितिका पदाधिकारीहरूबाट दामासाहिका दरले असुलउपर गरी संस्थाको कोषमा दाखिला गराईनेछ ।

ग) वार्षिक दुई करोड भन्दाकमको वार्षिक कारोवार गर्ने संस्थाको कार्यकारी प्रमुख वाहेक अन्य सञ्चालकले सहकारी ऐन बिपरित पारिश्रमिक लिएको पाईएमा सो रकम असूलउपर गरी संस्थाको कोषमा दाखिला गराइनेछ । तोकिए वमोजिमको समय भित्र रकम दाखिल नगरेमा संस्थाले साँवा र व्याजसमेत असूलउपर गर्नेछ ।

घ) कार्यकारी प्रमुखको पारिश्रमिक निर्धारण गर्दा सञ्चालक समितिबाट निर्णय गरी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ । निर्णय र अनुमोदन सम्वन्धी विवरण पेश नगरेमा लिएको पारिश्रमिक नियमित वा असूलउपर गर्नु गराउनु पर्नेछ ।

ङ) प्रचलित कानून र मापदण्ड पालना नगरेको पाईएमा संस्थाले नेपाल सरकारवाट प्राप्त गर्ने सेवा सुविधाहरू रोक्का गरिनेछ ।

च) कार्यक्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्यसँग कारोवार गर्ने संस्थाको बैक खाता रोक्का गर्ने, सार्वजनिक सूचना प्रकाशित गरी सर्वसाधारणलाई यस्ता संस्थासँग कारोवार नगर्न सजग गराउने, अनियमितता गरेको सूचना सार्वजनिक गर्ने र प्रचलित कानून बमोजिम थप कारवाही गरिनेछ ।

छ) बचत निक्षेप वापत संकलित रकम अन्यत्र लगानी गरेको पाइएमा उद्देश्य विपरित काम गरेको कसुरमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**२५. विज्ञापनवाट गर्न प्रतिबन्धः**

संस्थाले सार्वजनिक रूपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर विक्री, वचत संकलन र ऋणप्रवाह गर्न पाउने छैन । यस मापदण्डको प्रतिकूल हुने गरी विज्ञापन वा सूचना वा दृश्यसामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ । तर संस्थाको महत्वपूर्ण निर्णय, विषय र गतिबिधिका वारेमा सदस्यहरू तथा आम नागरीकहरुलाई जानकारी गराउन सूचना तथा श्रव्यदृश्य प्रकाशन तथा प्रशारण गर्न यस दफाले वाधा पुर्याएको मानिने छैन । सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि हुने गरी प्रशारण वा प्रकाशन गर्ने सहकारी जागरण सम्बन्धी नियमित पत्रपत्रिका, रेडियो र टेलिभिजन कार्यक्रम सञ्चालनमा सहयोग र सहकार्य गर्न बाधा पर्ने छैन ।

**२६. कारोवार रोक्का राख्न सकिनेः**

सहकारी सिद्धान्त, सहकारी ऐन, नियम, प्रचलित कानुन, मापदण्ड, परिपत्र र निर्देशन पालना नगर्ने संस्था वा संघको बैंक खाता र कारोवार रोक्का राख्न सकिनेछ ।

**२७. कारवाहीका लागि लेखी पठाईने:**

देहायका सवै वा कुनै एक कार्यलाई सहकारी ऐन, नियम विपरित प्रकरणका रूपमा लिई सञ्चालक समितिका पदाधिकारीहरू र व्यवस्थापकलाई प्रचलित सहकारी कानून बमोजिम कारवाही गरिनेछः

क) गैर सदस्यसँग कारोवार गरेमा वा सदस्यनै नबनाई कारोवार गरेमा ।

ख) कार्यक्षेत्र वाहिरका व्यक्ति वा निकायलाई सदस्य बनाएमा ।

ग) बचत निक्षेपको रकम संचालकको निजी व्यवसायमा लगानी गरेमा ।

घ) निजी प्रयोजनका लागि अनधिकृत रूपमा सञ्चालकहरूले कोषको अपचलन गरेमा ।

ङ) साधारणसभा नबोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफू खुशी सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको पदाधिकारी थपघटगरेमा ।

च) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन र सूचना मार्फत सदस्य विस्तार वा कारोवार बढाउने काम गरेमा ।

छ) एकै प्रकृतिका एक भन्दाबढी संस्थाको पदाधिकारी भई काम गर्ने गरेको पाइएमा ।

ज) अनधिकृतरुपमा संस्थाको कारोवारमा संलग्न रहेको पाइएमा ।

झ) कार्यक्षेत्र बाहिर बसोबास गर्ने व्यक्ति संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिको पदाधिकारी भएको पाइएमा ।

ञ) इजाजत लिएर मात्र गर्नु गराउनु पने कार्य विना इजाजत संचालन गरेमा ।

**२८. आचर संहिता सम्वन्धी व्यवस्था:**

१) संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्तहरू एवं प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा निर्देशिका र विनियम तथा विनियमावलीमा आधारित भै संस्थाको पदाधिकारी र सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी लागू गर्न गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम लागू भएको आचारसंहिता संस्थाका कर्मचारी, पदाधिकारी र सदस्यहरूले अनिवार्यरुपमा पालना गर्नुपर्नेछ ।

३) संस्थाले आचार संहिता तयार गरी लागू नगरिसकेको अवस्थामा देहायका मापदण्डहरूको पालना गर्नु गराउनु प्रत्येक सहकारी संघ वा संस्था, सदस्य, कर्मचारी र पदाधिकारीहरुको दायित्व हुनेछः

(क) संस्थाका पदाधिकारीहरू अन्य कुनै पनि संस्थाको पदाधिकारीमा बहाल रहन पाउने छैन । एक भन्दाबढी संस्थाको पदाधिकारी भएको पाइएमा संस्थाले त्यस्ता पदाधिकारीलाई तत्कालै निलम्बन गरी सम्बन्धित कार्यालयमा जानकारी पठाउनु पर्नेछ ।

(ख) एक व्यक्ति नगरपालिका भित्रका समान प्रकृतिका एक मात्र संस्थाको सदस्य भई सहकारीको मूल्य, मान्यता र सिद्धान्त बमोजिम आफ्नो संस्थाप्रति प्रतिबद्ध रहनु पर्नेछ ।

(ग) सहकारीका प्रचलित मूल्यमान्यता र सिद्धान्तहरुको पालना गर्नु संचालक समितिका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हो ।

(घ) हरेक सदस्य व्यक्तिगत रुपमा संस्थाको काम प्रति उत्तरदायी हुनुको साथै सामाजिक रुपमा जिम्मेवार हुनु पर्दछ ।

(ङ) समावेशी तथा सहभागिता मूलक समाज निर्माणको लागि समुदायमा पछाडि परेका जातजाति, वर्ग र लिङ्गका नागरिकहरुलाई सहकारीमा आबद्ध गर्नु पर्दछ ।

(च) संचालक समिति, लेखा सुपरीवेक्षण समिति र अन्य उपसमितिहरुको बैठकमा भएका निर्णयहरुको माईनुटिङ्ग गरी प्रमाणित गर्नुको साथै कार्यान्वयन गर्नु पर्दछ ।

(छ) सदस्यहरु बीच जात, वर्ग, धर्म, लिङ्ग र वर्णको आधारमा विभेद गर्नु हुदैन ।

(ज) हरेक बर्ष संचित बचतबाट शेयरको आधारमा लाभांश र सदस्यले संस्थामा गर्ने कारोवार तथा योगदानको आधारमा संरक्षित पूंजी फिर्ता कोषको रुपमा तोकिए बमोजिम प्रतिफल वितरण गर्नुपर्दछ ।

(झ) संस्थामा स्वनियमन प्रणाली स्थापित गरी आन्तरिक सुशासन कायम गर्न साधारण सभाबाट नीति नियम तर्जुमा गरी लागू गर्नुपर्दछ ।

(ञ) खुला सदस्यताको सिद्धान्त बमोजिम नियमानुसार योग्यता पुगेको कुनै पनि व्यक्तिलाई सदस्य बनाउन र स्वेच्छिक रुपमा सदस्यता त्याग्न चाहेमा सो को प्रत्याभूति उपलब्ध गराउनु पर्दछ ।

(ट) सदस्यले संस्थागत वा व्यक्तिगत जुनसुकै तरिकाबाट लिएको ऋण/कर्जा/सापटी तोकिएको समयमा फिर्ता गर्नु पर्दछ ।

(ठ) एक सदस्यले अर्को सदस्यले गरेको कामको बारेमा स्वास्थ्य तथा सभ्य रुपमा आलोचना गर्ने परिपाटीको विकास गर्नु पर्दछ ।

(ड) गल्ती गर्ने सदस्य, पदाधिकारी र कर्मचारीले आफ्नो गल्ती स्वीकार गरी सार्वजनिक रुपमा आत्मालोचना गर्नु पर्दछ ।

(ढ) सहकारी ब्यवसायवीच प्रतिस्पर्धाको सट्टा अन्तर-सहकारी सहयोगको संस्कृति पालना गर्नु पर्दछ ।

(ण) मतदान प्रकृयावाट क्षमतावान, निस्वार्थ र त्यागि व्यक्तिलाई नेतृत्वमा चयन गर्नु पर्दछ ।

(त) सहकारी संघसंस्थामा दलगत राजनीतिको छाँया देखिनु हुँदैन ।

(द) सदस्यको हित नै सहकारी संस्थाको एक मात्र ध्येय हुनु पर्दछ ।

(ध) सहकारी संस्थाका सदस्यहरु नाफा लिनभन्दा सेवा लिन र दिनमा सक्रिय रहनु पर्दछ ।

(न) सदस्यहरुवीच आपसी कारोवार संचालन गर्दा समानता र समन्यायमा आधारित व्यवहार गर्नु गर्दछ ।

(प) सहकारी संस्थाको शेयर एक सदस्यवाट अर्कोलाई हस्तान्तरण र नामसारी गर्न सकिन्छ । तर कम्पनि व्यवसायको जस्तो बजारमा शेयर खरिदविक्री गर्न सकिदैन ।

(फ) विशेष परिस्थितिमा बाहेक सहकारी संस्थाका पदाधिकारीहरुले पेश्की लिन पाईने छैन ।

(ब) सहकारी संस्थाका सदस्य, कर्मचारी र पदाधिकारीहरुले संस्थासंग ठेक्कापट्टा सम्वन्धी कारोवार गर्न पाईने छैन ।

(भ) सहकारी एउटा ब्यवसाय हो, यो पिरोपकारी संस्था होइन, यसले सित्तैमा कसैलाई चन्दा तथा दान दातब्य दिन सक्दैन ।

(म) सहकारी संस्थाको सर्बोच्च अंगको रुपमा रहेको साधारणसभाको निर्णयवाट मात्र कसैको दायित्व मिनाह र अपलेखन गर्न सकिन्छ ।

(य) सहकारी प्रणालीमार्फत अवैध सम्पति र कालोधन निर्मलीकरण गर्न दिईने छैन ।

(र) सहकारी संस्थाले गैर-व्यावसायिक सेवा वितरणमा सदस्य र गैर-सदस्यवीच विभेद गर्न पाईने छैन ।

**२९. सहकारी संस्थाको कार्यालय सम्वन्धी व्यवस्था:**

१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्रभित्र स्थापना गर्नुपर्ने छ ।

२) कार्यालयको स्थापना बढी शेयर सदस्यहरू बसोबास गर्ने क्षेत्रमा गर्नु पर्नेछ ।

३) एउटा संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को एकै प्रकृतिको संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन । एउटै भवन वा घरमा एकभन्दा बढी एकै प्रकृतिको संस्थाहरूको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाउँमा सार्न कार्यालयले निर्देशन दिन सक्नेछ ।

४) संस्थाको कार्यालय स्थापना गरेको ७ दिन भित्र कार्यालयको निरीक्षण गर्न नगर कार्यपालिकाको कार्यालयलाई लिखितरूपमा जानकारी गराउनु पर्नेछ ।

५) संस्थाको कार्यालय सार्नु पर्दा नगरपालिका कार्यालयको अग्रिम स्वीकृति लिई मात्र सार्न सकिनेछ । संस्थाको कार्यालय सरेको सार्वजनिक रूपमा जानकारी गराउन उपयुक्त संचार माध्यमको उपयोग गर्नुपर्नेछ ।

**३०. साइन बोर्ड राख्ने सम्बन्धी व्यवस्था:**

१) प्रत्येक संस्थाले दर्ता प्रमाणपत्रमा उल्लेख भए वमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र दर्ता भएको कार्यालयको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साईनवोर्ड लेखी संस्थाको कार्यालयमा सवैले देख्नेठाँउमा राख्नुपर्नेछ ।

२) सहकारी संस्थाहरुको साइन बोर्डमा एकरूपता ल्याउने प्रयोजनको लागि साइन बोर्डको रङ्ग हल्का हरियो भूईमा सेतो अक्षरले लेखिएको हुनुपर्ने छ ।

**३१. सदस्यवडापत्र सम्बन्धी व्यवस्था:**

संस्थाको कार्यालयमा सबैले देखिने गरी सदस्य बडापत्र राख्नुपर्नेछ ।

**३२. कारोवारको लेखा अध्याबधिक गर्नुपर्ने:**

१) सहकारी संस्थाले आफ्नो सम्पूर्ण कारोबार तथा संस्थागत विवरण, सूचना र तथ्यांकहरू सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थान सूचना प्रणाली (COPOMIS) मा सहकारी कानूनले तोकेको समयसीमा भित्र अध्यावधिक गर्नुपर्नेछ ।

२) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरूले आर्थिक तथा प्रशासनिक अभिलेखहरू मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्नुपर्नेछ । मासिक कारोवारको विवरण सदस्यहरूको जानकारीको लागि संस्थाको कार्यालयमा प्रकाशित गर्नुपर्नेछ ।

**३३. सूचना प्रकाशन तथा प्रशारण सम्वन्धी व्यवस्था:**

कुनै संस्थाको समिति, पदाधिकारी वा कर्मचारीले प्रचलित कानून, मापदण्ड वा निर्देशन, स्वीकृत विनियम र सहकारीका सिद्धान्त तथा मूल्यहरू विपरितका काम कारवाही गरेको पाइएमा सोको विवरण सहित सञ्चालकलाई समय सीमा सहित काम कारवाही र कारोवार सच्याउन दिएको निर्देशन कार्यान्वयन नभएमा नगरपालिकाको कार्यालयले सोको सूचना संचार माध्यमबाट सम्बन्धित सबैलाई जानकारी गराई सुचित वा सचेत गराउन सक्नेछ ।

**३४. सम्पति खरिद विक्री गर्दा पारदर्शिता अप्नाउनुपर्ने:**

सहकारी संस्थाले अचल सम्पत्ति खरिद वा बिक्री गर्दा साधारणसभाको निर्णय, निर्धारित खरिदबिक्री प्रक्रिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरूको गुनासो नआउने

गरी पारदर्शिताको प्रणाली अबलम्बन गर्नुपर्नेछ । संस्थाले घर जग्गा लगायत अचल सम्पत्ति खरिदबिक्री गर्दा पारदर्शी प्रक्रिया अवलम्बन गरे नगरेको साथै प्रचलित मूल्यबाट घटी बढी गरी संस्थाको अहित गरे नगरेको वारेमा अनुगमन गरी नगर कार्यपालिका कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

**३५. सहकारी सम्वन्धी अभिमुखीकरण तालीम लिनुपर्नेः**

१) वित्तीय कारोवार गर्ने सहकारी संस्थाका सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका कम्तिमा ५० प्रतिशत पदाधिकारीहरूले यो मापदण्ड जारी भएको ६ (छ) महिनाभित्र सहकारी व्यवस्थापन, सहकारी लेखापालन तथा लेखापरीक्षण सम्बन्धी तालिम लिनु पर्नेछ । सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको नयाँ निर्वाचन भएको ६ महिनाभित्र पालैपालो यस अघि तालिम नलिएका पदाधिकारीहरूलाई उपरोक्त तालिम लिने अनिवार्य व्यवस्था संस्थाले मिलाउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको तालिम लिए नलिएको विवरण सम्बन्धित कार्यालयले माग्न सक्नेछ । यस सम्बन्धमा कार्यालयले दिएको निर्देशनको पालना गर्नु सबै संस्थाहरूको दायित्व हुनेछ ।

**३६. नगद मौदातको शुरक्षा सम्वन्धी व्यवस्थाः**

१) वचत तथा ऋणको कारोवार गर्ने प्रत्येक संस्थाले सुरक्षाको लागि आफ्नो कार्यालयमा रहने नगद मौज्दातको, ढुकुटी, मार्गस्थल र काउन्टर विमा गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम विमा गरीएको भन्दा वढी रकम कार्यालयमा मौज्दात राख्न पाइने छैन ।

३) नगद रकम बैंकमा जम्मा नगरी नगदै कारोवार गर्ने र कुनै सञ्चालक वा शेयर सदस्य वा कर्मचारीले प्रयोग गर्न पाइने छैन ।

**३७. बचत तथा ऋणको कारोवार गर्ने संस्थाले गर्न नहुने कार्यहरु**

क) वासलत वाहिरको कारोवारहरू (जस्तै प्रतितपत्र, जमानत आदि) ।

ख) सदस्यहरूलाई अधिविकर्ष कर्जा प्रवाह ।

ग) ब्यापारिक उद्देश्यले घरजग्गाको खरिदविक्री ।

घ) निजी उद्योग व्यवसायमा लगानी ।

ङ) लघु कर्जा कार्यक्रम बाहेक विना सुरक्षणमा कर्जा प्रवाह ।

च) सुनचाँदी र शेयर प्रमाणपत्र धितो राखी कर्जा प्रवाह ।

छ) चल्तीखाता सञ्चालन गर्ने ।

ज) ३ (तीन) वर्षभन्दा बढी अवधिको आबधिक निक्षेप स्वीकार गर्ने ।

झ) विदेशी मुद्राको कारोवार वा मुद्रा विनिमय ।

ञ) चिठ्ठा तथा उपहार योजना सञ्चालन ।

ट) कार्यक्षेत्र बाहिर र सदस्य बाहेकका व्यक्ति वा निकायसँगको कारोवार ।

**३८. सम्पति शुद्धिकरण निवारण कानूनको कार्यान्वयनः**

१) वित्तीय कारोवार संचालन गर्ने सहकारीका संघ वा संस्थाहरूले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावली, २०६६ मा भएका व्यवस्थाहरू अनिवार्यरुपमा पालना गर्नु गराउनु पर्नेछ ।

२) वित्तीय कारोवार गर्ने संघसंस्थाले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रुपमा व्यक्तिगत अभिलेख राख्नु पर्नेछ ।

३) नेपाल राष्ट्रबैंक, वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रूपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तीय कारोवार गर्ने सहकारी संस्था, संघ र बैंकले सञ्चालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ ।

४) सम्पत्ति शुद्धीकरण सम्बन्धमा सम्बन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेको विवरणहरू उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सबै संस्थाको कर्तव्य हुनेछ ।

**३९. सहकारी मूल्य मान्यता र सिद्धान्तहरुको पालनाः**

१) अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको र विश्वव्यापी रुपमा प्रयोगमा ल्याइएका सहकारीका मूल्य मान्यता र सिद्धान्तहरूको पालना गर्नु सबै संस्थाका निर्वाचित पदाधिकारी, कर्मचारी र सदस्यहरूको कर्तव्य हुनेछ । सहकारीका मूल्य मान्यता र सिद्धान्तहरूको प्रयोगका लागि निरन्तर रुपमा आफ्ना सदस्यहरूलाई प्रशिक्षण दिने गरी सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नु प्रत्येक सहकारी संस्थाको कर्तब्य हुनेछ ।

२) सहकारी संस्थाको सञ्चालक समितिले प्रचलित सहकारी कानून र मापदण्डमा गरिएको व्यवस्थाहरूको अनिवार्य पालनाका लागि मापदण्ड जारी भएपछि बस्ने साधारणसभामा विनियम संसोधनका लागि प्रस्ताव पेश गरी, पारित गराई कार्यान्वयन गराउनु पर्नेछ । साधारणसभाबाट विनियम परिमार्जन नगरेमा विनियममा गरिएको व्यवस्थाहरू प्रचलित सहकारी कानून र मापदण्डसँग बाझिएमा प्रचलित सहकारी कानून र मापदण्डका आधारमा विवादको निराकरण गरिने छ ।

**४०. विनियम संशोधन तथा परिमार्जनः**

१) संस्थाको प्रारम्भिक साधारणसभाले विनियम संशोधन गर्न सक्ने छैन ।

२) विनियम संशोधन तथा परिमार्जन गर्नु पूर्व नगरपालिकाको कार्यालयबाट सैद्धान्तिक सहमति लिनु पर्नेछ ।

३) साधारणसभावाट विनियम संशोधन तथा परिमार्जन पारित गरी नगरपालिकाको कार्यालयमा स्वीकृतिको लागि पेश भएको तीस (३०) दिन भित्र  प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले स्वीकृत गर्नुपर्ने छ ।

४) सैद्धान्तिक सहमति नलिइ गरिएको विनियम संशोधन तथा परिमार्जन स्वीकृतिको लागि पेश भएमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले अस्वीकृत गर्न सक्नेछ ।

अनुसूची-१

(दफा २३(१) संग सम्बन्धित)

## अनुगमन फारम

१) सहकारी संस्थाको नाम :-

२) दर्ता नं :-....... मिति :- .................दर्ता भएको कार्यालय :-

३) ठेगाना :-

४) शेयर पूँजी :- (प्रति शेयर रु :- )

५) कार्यक्षेत्र :-

६) सञ्चालक समितिको सदस्य संख्याः

कार्यकाल : बर्ष (बैठक भत्ता :-रु. )

७) कर्मचारी संख्या :-

(बजार प्रतिनिधि :- ) नियुक्ति दिए/नदिएको :-

८) सफ्टवेयर :-

९) शेयर सदस्य संख्याः

जम्माः............ पुरुषः............ महिलाः........... संस्थागतः ...............

१०) बचतकर्ताको संख्याः

जम्माः............ पुरुषः............ महिलाः...........संस्थागत...........

११) ऋणीको संख्याः

जम्माः............ पुरुषः............ महिलाः........... संस्थागतः ...............

१२) संस्थाको पछिल्लो साधारणसभा भएको

मितिः

कुल सदस्यः

उपस्थित संख्याः

पछिल्लो साधारणसभावाट पारित भएका निर्णयहरुः:

१३) संस्थाले तयार पारेको कार्यसंचालन नियमावली, नीति र कार्यविधिहरुः

१४) संस्थामा गठन भएका उपसमितिहरुः

१५) पछिल्लो संचालक समिति निर्वाचित मितिः

१६) संस्थाले बर्तमान अवस्थामा प्रदान गरेको ऋणको किसिम र ब्याजदरः

१७) संस्थाले बर्तमान अवस्थामा संकलन गरेको बचतको किसिम र ब्याजदरः

१८) संस्थाले सुनचाँदी कर्जा, गल्ला कर्जा, चल्ती खाता, ओ.डी.कर्जा, आफ्नै शेयरको सुरक्षणमा ऋण लगानी, घर जग्गा किनबेच गरे नगरेको

१९) नियमानुसार कार्यालयमा पठाएका कागजात तथा विवरणहरु :-

.......................................... ........................................

.......................................... ........................................

२०) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे नगरेको

२१) शेयर पुंजीको १८ प्रतिशत भन्दा बढि लाभाँस वितरण गरे नगरेको

२२) संस्थाले कुनै प्रकारको चन्दा, आर्थिक सहयोग प्रदान गरे नगरेको

२३) एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुक्ति भएको छ छैन

२४) संस्थाको कूल चुक्ता शेयरपूँजीको २० प्रतिशत भन्दा वढी एउटै ब्यक्ति वा निकाय विशेष (सरकारी समेत) लाई शेयर विक्रि भएको छ छैन

२५) संस्थाले कर्जामा लिने सेवाशुल्क लगायतका अन्य अतिरिक्त रकमहरु :-

२६) संस्थाको निक्षेप र कर्जा वीचको औसत ब्याजदर अन्तर :-

२७) कर्जा तथा सापटमा पाकेको व्याज नगद प्राप्ति नगद (Cash Basis)को आधारमा आम्दानी जनाएको र निक्षेपमा प्रदान गर्ने व्याज प्रौंदभावी (Accural Basis ) आधारमा लेखांकन गरेको छ छैन

२८) संस्थाको कूल पूँजीकोषको १०% भन्दा बढी एक व्यक्तिलाई ऋण लगानी भएको छ/छैन

२९) संसथाले बचत तथा ऋण नीति तयार गरे/नगरेको

३०) सञ्चालक र लेखा सुपरीवेक्षण समिति सदस्यका उम्मेदवारहरुले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोवास गरेको प्रमाण, संस्थासंग कुनै बक्यौता नरहेको प्रमाण, कर्जा कालोसूचीमा नपरेको स्व-घो षणा आदि कागजात पेश गरे/नगरेको

३१) सञ्चालक समिति निर्बाचित भएको मितिले १५ दिनभित्र सञ्चालकहरुको फोटो र तीन पुस्तेसहितको २ प्रति विवरण कार्यालयमा पेश गरे/नगरेको :

३२) संस्थाले ऋण उपसमितिको सिफारिसमा ऋण लगानी गरे/नगरेको :

३३) सदस्यहरुलाई कारोवारी, साधारण र संस्थापक भनि बिभेद गरे/नगरेको :

३४) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र लेखापरीक्षण प्रतिबेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विवरण कार्यालयमा पेश गरे/नगरेको :

३५) तोकिए बमोजिम कर्जा नोक्सानी ब्यवस्था गरे/नगरेको :

३६) सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, ऋण उपसमितिका सदस्यहरुले संस्थाबाट लिएको कर्जाको विवरण चौमासिक रुपमा सम्बन्धित कार्यालयमा पेश गरे/नगरेको:

३७) संस्था दर्ता हुँदाका बखतका बाहेक अन्य सदस्यहरुका हकमा सदस्य बनेको तीन महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्ने पालना भए/ नभएको :

३८) विनियमको परिधि भित्र रही विभिन्न कोषहरुमा रकम वाँडफाँड गरेको छ/छैनः

३९) सञ्चालकहरुले संस्थाबाट उपभोग गरिरहेको वित्तीय तथा अन्य सुबिधाहरूः

४०) संस्थाबाट कर्जा प्रवाह गर्दा माग गरिने कागजातहरु, धितो मूल्याङ्कन लगायत अन्य प्रकृयाहरू :-

४१) पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरूका मूल कैफियतहरू:-

४२) ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिइएको छ ? र कसरी दिइएको छ ?

४३) कर्जा तथा निक्षेपको ब्याजदर परिवर्तन भएको सूचना सदस्यहरुलाई कसरी दिईन्छ

४४) संस्थाको बिनियम बमोजिम सञ्चालक समितिको बैठक बस्ने गरे/नगरेको ?

४५) संस्थाले साधारण जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे/नगरेको ?

४६) संस्थाले कर्जा प्रवाह, निक्षेप संकलन र शेयर बिक्रीका लागि बिज्ञापन गर्ने गरे/नगरेको

४७) नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थ बीमा गरे/नगरेको (गरेको भए, बीमा रकम र म्याद):-

४८) नगदको विबरण खुल्ने Cash Book, Day Book राख्ने गरे/नगरेको,
नगदको जिम्मेवारी बाँडफाँड गरे नगरेको, ढुकुटीबाट कारोवारका लागि नगद झिक्दा/राख्दा सो को विबरण राख्ने गरे नगरेको, ढुकुटीको साँचोको जिम्मे वारी क्यासियर र व्यवस्थापकले लिने गरे/नगरेको

४९) संस्थाले समानान्तर सहकारी संस्थाहरूसँग शेयर, निक्षेप र कर्जा/सापटी कारोवार गरेको भए त्यसको विवरण :-

५०) संस्थाका वर्तमान सञ्चालकहरु समानान्तर सहकारी संस्था, बैंक तथा बित्तीय संस्थाको सञ्चालक पदमासमेत बहाल भएको भए त्यसको विवरणः-

उल्लेखित विषयहरू तथा जानकारी यस संस्थाको आधिकारिक व्यक्ति/व्यक्तिहरूसँग संकलन भएको हो भनी

सही गर्ने आधिकारिक व्यक्तिको नाम :
हस्ताक्षर :
पद :

निरीक्षण टोलीको नाम पद हस्ताक्षर
१
२
३
मिति :

अनुसूची-२

(दफा २३(१) सँग सम्बन्धित)

अनुगमन फाराम

१) (क) सहकारी संस्थाको नाम :-

(ख) दर्ता नं :- (ग) कार्य क्षेत्र :- (घ) पान नं. :-

(ङ) दर्ता मिति :- (च) दर्ता भएको कार्यालय :- छ) चुक्ता शेयर :- रु.

(ज) प्रति शेयर :- रु.

(झ) सदस्य संख्या :-महिलाः पुरुषः जम्माः

(ञ) बैंक खाता नं. र वैकको नाम :-

(ट) संचालक :-महिलाः पुरुषः जम्माः

(ठ) निर्वाचन मिति : पदावधिः

(ड) पछिल्लो पटक साधारण सभा भएको मिति :

(ढ) अघिल्लो निरीक्षण मिति :

(ण) हालको निरीक्षण मिति :

(त) ले.प. भएको अन्तिम आ.ब

(थ) सम्पर्क फोन :

(द) शेयर दर्ता रजिष्टर राखेको/नराखेको

(ध) गैरसदस्यसंग कारोबार गरेको भए संख्या

(न) स्वीकृत कार्य क्षेत्र बाहिर कारोबार गरेको भए कहाँ :

(प) आ.ले.प. गरे/नगरेको

(फ) शेयर प्रमाणपत्र वितरण गरेको छ/छैन □□

२) संस्थाको

(क) जग्गा (रो.) (ख) गोदाम क्षमता : (ग) लागत रकम :

३) (क) असुली गर्नुपर्ने वेरुजु/हिनामिना रकम रु

(ख) हिनामिना/बाँकी वक्यौता असुली भएको रकम :

४) लाभांस वितरण गरे/नगरेको

५) ले.प. प्रतिवेदन कार्यालयमा पठाएको/नपठाएकोः

६) मासिक प्रगती पठाए/नपठाएको

७) कार्यक्रम बजेट पास भएको छ/छैन

८) संचालक समितिको बैठक कति अवधिमा बस्ने गरेको छ ?

९) औषत उपस्थिति

१०) लेखा सुपरीवेक्षण समितिको बैठक वस्ने गरेको छ/छैन

११) सञ्चालक समितिको निर्णय नियम संगत छ/छैन

१२) निरीक्षण मिति सम्म खाता पोष्टिङ छ/छैन

१३) नभए कहिले सम्मको छ :

१४) नगद मौज्दात रु. ....................

१५) बैंक मौज्दात रु. ....................

१६) खुद मुनाफा/नोक्सान रु......................

१७) कर्मचारी बाहेक पदाधिकारीहरुले मासिक पारिश्रमिक लिएको भए : रु.

१८) अध्यक्षको नाम :

१९) लेखा समिति संयोजकको नाम :

२०) कर्मचारीको संख्या :
महिला : पुरुष : जम्मा :

२१) संस्थाको कारोवारः

| विवरण | गत महिना सम्मको रकम | यस महिनाको रकम | जम्मा रकम (रु.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

२२) अघिल्लो निरीक्षणमा दिएका सुझाव कार्यान्वयन नभएको भए कुन कुन कार्यान्वयन भएननः
२३) यसपाली निरीक्षणकर्ताले दिएको सुझावहरुः

प्रतिवेदन बुझिलिनेको सही
नामः
पदः
संस्थाको छाप

निरीक्षकको दस्तखत
मिति

अनुसूची(३

(दफा २(५), २(६) संग सम्बन्धित)

..................सहकारी संस्था लिमिटेड, टोखा नगरपालिका, वार्ड नं .....
काठमाण्डौं

प.सं. :                                          मितिः

च.नं. :                                          संस्था दर्तानं.:

श्री टोखा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
सहकारी तथा रोजगार प्रवर्द्धन शाखा
मैजूहिटी, काठमाण्डौं ।

बिषयः ....................महिनाको मासिक कार्यविवरण पठाएको बारे ।

यस संस्थाको मिति २०७................महिना सम्मको मासिक कारोबारको विवरण देहाय बमोजिम पेस गरेको छु ।

दायित्व हिसाव

| क्र.सं. | विवरण | अनुसूची | संख्या | गत आ.ब.सम्म | गत महिना सम्म | यस महिना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | शेयरपूंजी (१०) | | | | | | |
| २ | कोष हिसाव | | | | | | |
| | जगेडा कोष | | | | | | |
| | कर्जा जोखिम कोष | | | | | | |
| | अन्य | | | | | | |
| ३ | बचत बांकी (३०) | | | | | | |
| ४ | बांकी ऋण हिसाव(४०) | | | | | | |
| ५ | भुक्तानी दिनुपर्ने बांकी(६०) | | | | | | |
| ६ | अन्य भुक्तानी दिनुपर्ने बांकी (७०) | | | | | | |
| | कुल दायित्व (१०-७०) | | | | | | |

सम्पति हिसाव

| क्र.सं. | विवरण | अनुसूची | संख्या | गत आ.ब.सम्म | गत महिना सम्म | यस महिना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ७ | नगद (८०) | | | | | | |
| ८ | बैंक हिसाव (९०) | | | | | | |
| ९ | लगानी हिसाव (१००) | | | | | | |
| १० | ऋण लगानी हिसाव (११०) | | | | | | |
| ११ | पाउनु पर्ने हिसाव (१२०) | | | | | | |
| १२ | स्थिरसम्पति हिसाव (१३०) | | | | | | |
| १३ | अन्य हिसाव (१४०) | | | | | | |
| १४ | अन्तिम मालशेष | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल सम्पति हिसाव र अन्तिम मालशेष जोड | | | | | | |

## आम्दानी खर्च हिसाव

| क्र.सं. | विवरण | अनुसूची | संख्या | गत आ.ब.सम्म | गत महिना सम्म | यस महिना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १५ | सामान खरिद तथा खर्च हिसाव (१५०) | | | | | | |
| | मालसामान खरिद | | | | | | |
| | मालसामान ढुवानी खर्च | | | | | | |
| | कर्मचारी तलवभत्ता खर्च | | | | | | |
| | घरगोदाम भाडा खर्च | | | | | | |
| | मसलन्द खर्च | | | | | | |
| | मर्मत खर्च | | | | | | |
| | बचतमा ब्याज खर्च | | | | | | |
| | विविध खर्च | | | | | | |
| | ह्रासकट्टी खर्च | | | | | | |
| | ईन्धन खर्च | | | | | | |
| | बैठक भत्ता खर्च | | | | | | |
| | हर्जना खर्च | | | | | | |
| | ब्यापारिक छुट खर्च | | | | | | |
| | भ्रमण खर्च | | | | | | |
| | तालिम खर्च | | | | | | |
| | कर्जा जोखिम ब्यवस्था: | | | | | | |
| | क. भाखा ननाघेको | | | | | | |
| | ख. एक बर्षसम्म भाखा नाघेको | | | | | | |
| | ग. एक बर्षभन्दा बढी भाखा नाघेको | | | | | | |
| | खरावऋण अपलेखन खर्च | | | | | | |
| | ऋणमा ब्याज खर्च | | | | | | |
| | साधारणसभा खर्च | | | | | | |
| | कार्यालय खर्च | | | | | | |
| | अन्य खर्च | | | | | | |
| १६ | आम्दानी हिसाव (१६०) | | | | | | |
| | मालसामान विक्री | | | | | | |
| | ऋणको ब्याज प्राप्त | | | | | | |
| | लगानीवाट ब्याज प्राप्त | | | | | | |
| | विविध आम्दानी | | | | | | |
| | ब्यापारिक छुट प्राप्त | | | | | | |
| | प्रशासनिक अनुदान | | | | | | |
| | अन्य आम्दानी | | | | | | |
| १७ | खुद नाफा/नोक्शान (१६०-१५०) | | | | | | |

प्रकाशक : **टोखा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल
फोन नं. : ०१-४९८५०१३
ईमेल : hellotokha@gmail.com
वेवसाइट : www.tokhamun.gov.np
मूल्य रू. : ६०।-